आज मिति २०८२ साल फागुन २६ गते विहान ११:०० बजे मंगलवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६८ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | — |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | वरिष्ठ लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री भरत मलेई मगर | प्रशासकीय अधिकृत | -//- | |
| ४ | | | | |

मिति २०८२/११/०० गतेको ६७ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२

सडक वोर्डको अनुदानबाट सञ्चालन हुने योजना छनोट गरी पठाउने सम्बन्धमा ।

प्रस्ताव नं ३

निर्वाचनका समयमा भएको शान्ति सुरक्षा व्यवस्थापन खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ४

कर्णाली प्रदेश सरकारको सुचना अनुसार समपुरक र विशेष अनुदान प्राप्तिका लागि योजना छनोट गरी पठाउने सम्बन्धमा ।

प्रस्ताव नं ५

ज्यामीचौर वर्थिङ्ग सेन्टरको जग्गा पास गर्दा भएको खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ६

श्री कृष्ण मा वि लकान्द्रको भैरवथान स्थित पुरानो भवन भत्काउन अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं ७

श्री जनसेवा वाल विकास केन्द्रको घरभाडा सम्बन्धमा ।

प्रस्ताव नं ८

श्री आधारभूत स्वास्थ्य केन्द्र गैरागाउँको कार्यालय भवनको छाना मर्मत सम्बन्धमा ।

प्रस्ताव नं ९

जनता आवास कार्यक्रम अन्तर्गत छनोट भएको लाभग्राहीको नाम संशोधन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो कार्यान्वयन गर्न बाकी रहेका निर्णयहरु कार्यान्वयनमा अग्रसर रहन कार्यपालिकाको कार्यालयलाई निर्देश दिने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ का लागि सडक वोर्ड नेपालबाट अख्तिय प्राप्त रु ८ लाख १० सहित गाउँपालिकाको लागत साझेदारी कार्यान्वयन हुने गरी निम्न योजना छ गरी सहमतिका लागि सडक वोर्ड नेपालमा लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र सं | योजनाको नाम | योजनास्थल |
|---|---|---|
| १ | मानाकोट नुवावन वौघा सडक स्तरोन्नती | ठाटीकाँध/गा पा १ |

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अन्तर्गत, यस गाउँपालिकामा शान्ति सुरक्षा व्यवस्थापनका लागि देहायका शीर्षकमा भएको यथार्थ खर्च विवरण तयार गरी सिफारिस सहित भुक्तानीका लागि पेश गर्न तपशिल वमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१ उपाध्यक्ष श्री देवीराम वडुवाल –संयोजक

२ वडा अध्यक्ष श्री चक्र बहादुर वि क–सदस्य

३ वडा अध्यक्ष श्री प्रेम बहादुर मगर–सदस्य

४ योजना अधिकृत श्री नेम बहादुर खत्री–सदस्य

५ जिन्सी शाखा प्रमुख श्री भुवन मलेई मगर –सदस्य सचिव

खर्च भएका शीर्षकको विवरण

| क्र सं | विवरण | कैफियत |
|---|---|---|
| १ | विद्यूत वल्व तथा तार र अन्य विद्युतीय उपकरण खरिद खर्च | |
| २ | भाडाकुँडा आवश्यक समाग्री खरिद खर्च | |
| ३ | घरभाडा | |
| क | पूर्ण प्रसाद उपाध्याय ठाटीकाँध १ दैलेख | |
| ख | मनसिंह थापा ठाटीकाँध ६ दैलेख | |
| ग | पार्वती बुढा / टिकाराम वुढा ठाटीकाँध १ दैलेख | |
| घ | कपुरे थापा ठाटीकाँध ६ दैलेख | |
| ४ | गाडीभाडा | |
| क | वोलेरो मालिक नवीन खत्री ठाटीकाँध गा पा ६ दैलेख | |
| ख | अल्फा स्टेशनरी प्रो किशोर खत्री नारायण नपा दैलेख | |
| ५ | अन्य विविध खर्च | |

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार,आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०८२।११।०१ मा प्रकाशित सुचना अनुसार आ ब २०८३।०८४ का लागि समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि प्रस्ताव आह्वान भएकोमा देहाय अनुसार योजना तथा कार्यक्रम छनोट गरी तोकिएको अवधिभित्र प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

योजना तथा कार्यक्रमको विवरण

क.समपुरक अनुदान तर्फ

| क्र सं | योजना तथा कार्यक्रमको विवरण | योजनास्थल |
|---|---|---|
| १ | डल्कनेढुंगा स्याउलेकाँध सडक स्तरोन्नति | ठाटीकाँध गा पा ५ |
| २ | माझा गैरागाउँ डाँडाखाल हुदै भुवानथान सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा ४ |
| ३ | ठाटीकाँध बजारदेखि २ नं वडा कार्यालय जाने सडक निर्माण | ठाटीकाँध गा पा २ |
| | | |

ख.विशेष अनुदान तर्फ

| क्र सं | योजना तथा कार्यक्रमको विवरण | योजनास्थल |
|---|---|---|
| १ | माझचौर देखि कृष्ण मा वि खानेपानी योजना निर्माण | ठाटीकाँध गा पा १ |
| २ | श्री ने रा मा वि धामीगाउँ ४ कोठे भवन निर्माण | ठाटीकाँध गा पा ३ |
| ३ | नरखोला देखि देउलेसिम दलित वस्ती सिचाई कुलो निर्माण | ठाटीकाँध गा पा ६ |
| | | |

निर्णय नं ५

प्रस्ताव नं ५ गत आ ब २०८१।८२ मा ज्यामीचौर वर्थिङ्ग सेन्टर ठाटीकाँध गा पा ४ को नाममा जग्गा पास गर्दा निशुल्क जग्गा दान गर्ने व्यक्ति श्री ऐ वतन निवासी श्री जंग बहादुर शाहीलाई रजिष्ट्रेशन पास गर्दा भएको खर्च राजश्व रु १६८७२५।०० सहित अन्य खर्च समेत चालु आ ब २०८२।०८३ मा वडा नं ४ को वडा स्तरीय कार्यक्रममा विनियोजित रकम रु ४ लाख मध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा श्री कृष्ण मा वि लकान्द्रको चलानी नं ११९ र मिति २०८२।११।११ को पत्रानुसार सो विद्यालयको भैरवथानमा रहेका भवन सँगै रहेका पुराना भवन को सट्टा शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु ६० लाख अनुदान प्राप्त भएकोले सोहि विद्यालयको पुरानो ६ कोठे जीर्ण काम नलाग्ने भवन भत्काई उक्त अनुदान रकमबाट नयाँ भवन निर्माण गर्न प्राविधिक लागत अनुमानका आधारमा पुरानो भवन भत्काउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा श्री जनसेवा वाल विकास केन्द्रको आफ्नै भवन नभई भाडामा सञ्चालन भैरहेकोमा मिति २०८२।०४।०१ देखि मिति २०८३ साल असार मसान्तसम्म मासिक रु १८००।०० का दरले घरभाडा शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा श्री आधारभूत स्वास्थ्य केन्द्र गैरागाउँको कार्यालय भवनको छाना बर्षातका बखत चुहिने हुनाले कार्यालयका सामानहरु विग्रिने गरेको र कार्यालय सञ्चालमा कठिनाई भएकाले सो को मर्मतका लागि लागत अनुमान तयार गरी पेश गर्न पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा चालु आ ब मा जनता आवास कार्यक्रमका लागि यस गाउँपालिक अन्तर्गत वडा नं ५ निवासी गोर्खे कामीलाई छनोट गरीं पठाईएकोमा निजले आवास निर्माण गर्न असमर्थत जनाई वडा कार्यालय मार्फत सिफारिस गरी पठाईएको र सो व्यक्तिको सट्टामा श्री नन्ना काम लाई छनोट गरी सम्झौताका लागि श्री पूर्वाधार विकास कार्यालय दैलेखमा पठाउने निर्णय गरियो ।